# कर्मचारीलाई दुर्गमका स्थानीय तहमा खटाउँदै मन्त्री मोदी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले पहुँच र शक्तिको आडमा सिंहदरबार वरिपरिका कार्यालयमा मात्रै कार्यरत कर्मचारीलाई दुर्गमका स्थानीय तहमा खटाउन थालेका छन् । विद्यमान सरुवा प्रणालीको विकृति हटाउन लागिरहेका मन्त्री मोदीले सिंहदरबार वरीपरीका कार्यालयमा ३ वर्ष बढी समय बसेका कर्मचारीको सरुवा गर्दै दुर्गम क्षेत्रमा खटाउन थालेका हुन् । मन्त्री मोदी पदभार सम्हालेदेखि नै प्रशासनिक र व्यवस्थापकीय सुधारमार्फत सुशासन कायम गर्ने दिशामा अग्रसर छन् ।



प्रशासनिक सुधारका क्षेत्रमा दर्जनौं दूरगामी निर्णय गर्दै आएका मन्त्री मोदीले सरुवाको विद्यमान विकृति हटाउनका लागि आवश्यक सुझाव दिन भन्दै २०८० जेठ २९ गते सरुवा व्यवस्थापन कार्यदल गठन गरेका थिए । मन्त्री मोदीले सो कार्यदलले बुझाएको प्रतिवेदनमा समाविष्ट सुझाव कार्यान्वयन गर्न थालेका छन् ।

कार्यदलको सुझावअनुसार नै मन्त्री मोदीको निर्देशनमा मन्त्रालयले हालै मात्र दुर्गम क्षेत्रमा कार्यअवधि पूरा गरेकालाई सुगमको कार्यालय रोजेर र सुगम क्षेत्रमा कार्य अवधि पूरा गरेकालाई दुर्गम क्षेत्रको कार्यालय रोजेर निवेदन दिन आह्वान गरेको थियो ।

यससँगै मन्त्रालयले सुगम क्षेत्रमा कार्य अवधि पूरा गरेकाहरुलाई दुर्गम क्षेत्रमा खटाउन थालेको छ । जसअनुसार मन्त्रालयले बुधबार १४ जना उपसचिव र ८ जना शाखा अधिकृतको सरुवा गरेको छ ।

मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा अन्तर्गत्का कार्यलयमा कार्यरत उपसचिव खगेन्द्र सुवेदीको पाखिबास नगरपालिका धनकुटासहित अन्य जना उपसचिवको रौटहटका स्थानीय तहमा सरुवा भएको छ ।

त्यस्तै गृहमन्त्रालय वा अन्तर्गतका कार्यालयमा कार्यरत उपसचिव चोमेन्द्र न्यौपानेको मैलौली नगरपालिका बैतडीमा सरुवा भएको छ । यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत्का कार्यालयमा कार्यरत उपसचिव श्रीधर गौतमको शिखर नगरपालिका डोटीमा र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव सोमराज बरालको गोडैता नगरपालिका सर्लाहीमा सरुवा भएको छ ।

यस्तै सिंहदरबार वरिपरिका ८ जना शाखा अधिकृतको पनि दुर्गमका स्थानीय तहमा सरुवा भएको छ । गृह मन्त्रालय वा अन्तर्गतका कार्यालयमा कार्यरत शाखा अधिकृत सुशील कुमार भण्डारीको सिदिङ्वा गाउँपालिका, ताप्लेजुङसहित गृहकै अन्य ३ जना शाखा अधिकृतको विभिन्न स्थानीय तहमा सरुवा भएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत्का कार्यालयमा कार्यरत शाखा अधिकृत हरिजंग चन्दको जुनीचाँदे गाउँपालिका जाजरकोटसहित उद्योग मन्त्रालयका अन्य २ जना शाखा अधिकृतको विभिन्न स्थानीय तहमा सरुवा भएको छ ।

यसअघिदेखि नै मन्त्री मोदीले पहुँच नभएकै कारणले विकटको विकट क्षेत्रमा रहिरहनुपर्ने कर्मचारीको बाध्यता अन्त्य गर्ने बताउँदै आएका छन् । मन्त्री मोदीले निमित्त प्रमुख प्रशासकीय अधिकृत हटाउनेदेखि मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराउने स्थानीय तहको खाता रोक्का समेत गरेका थिए ।


# शैल्यशिखरमा जगन्नाथ कृषि समूहमा हालिएको १० लाख हिनामिना

**दिपक बाबू साउँद/मध्यान्ह**
दार्चला, १६ साउन

गत आर्थिक वर्ष २०७९/८० मा शैल्यशिखर नगरपालिका-५ को जगन्नाथ कृषि समूहको नाममा विनियोजन गरिएको १० लाख रुपैयाँ बजेट हिनामिना भएको पाइएको छ। नगरपालिकाबाट विनियोजित १० लाख रुपैयाँ बजेटले कुनै कार्यक्रम, योजना नै सञ्चालन नभएपछि वडावासी स्थानीयहरुले उजुरी दिनुका साथै जानकारी माग गरेका थिए ।

गत वर्ष उक्त बजेट व्यवस्थापन तथा सामग्री खरिदका लागि भनेर विनियोजन गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाको कृषि शाखाका अनुसार बीउ बिजन खरिद, पोलि हाउसलगायत थोपा सिँचाइ, ड्रम खरिदका लागि अनुदानस्वरुप १० लाख रुपैयाँ विजियोजन गरिएको र आवश्यक बिल पेश हुँदा भुक्तानी गरिएको हो । त्यो रकम जनप्रतिनिधिहरुको मिलेमतोमा हिनामिना भएको बुझिएको छ ।

जगन्नाथ कृषि समूहका अध्यक्ष पुस्कर रावलले यसमा आफ्नो केही दोष नभएको भन्दै वडा अध्यक्ष र एमाले



कार्यकर्ताले आफ्नो समूहको कागजात मागेको र नक्कली बिल बनाइ भुक्तानी लिएको बताए । उनले आफ्नो कृषि समूहमा आएको ९ लाख ८० हजार रुपैयाँ बुझाइ सकिएको बताए ।

रकम हिनामिनाबारे कुरा बाहिरिएपछि अहिले उक्त रकमको सामान खरिदको सुरसार भएको छ। जनप्रतिनिधिहरुले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा गत वर्ष कात्तिक १८ गते दार्चुला सदरमुकाम खलंगामा आयोजना गरिएको एमालेको चुनावी आमसभामा सहभागी हुन गाडी व्यवस्थापनका लागि खर्च मागिएको तथा उक्त खर्च व्यहोर्न नगरपालिकाबाट बजेट विनियोजन गरिएको बुझिएको छ ।

सरकारी रकम खातामा हालेर हिनामिना गरेको भन्दै त्यहाँका स्थानीयले यो विषयमा प्रशासनमा उजुरीसमेत दिएका छन् । जिल्ला प्रशासनका अनुसार ७ दिनभित्र त्यससम्बन्धी सबै कागजात, बील भौचर र बैंक स्टेटमेन्ट झिकाइएको छ ।

# गाँजासहित दुई जना पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ साउन

प्रहरीले सर्लाहीको बागमती नगरपालिकाबाट १० किलो गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । बागमतीस्थित इलाका प्रहरी कार्यालयले नियमित चेकजाँच गर्ने क्रममा पश्चिमबाट पूर्वतर्फ गइरहेका प्रदेश-३-०१-०२२ च ६५१५ नम्बरको कारको डिक्कीबाट १० किलोग्राम गाँजा बरामद गरेको हो ।



गाडी चालक रौतहट गरुडा नगरपालिका वडा नं ८ का ४० वर्षीय रामानन्द साह तथा कारमा सवार चन्द्रपुर वडा नं ५ का २६ वर्षीय मनिष चौधरीलाई कार, गाँजासहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय हरिवनको हिरासतमा राखेर लागुऔषध ओसारपसार ऐनअन्तर्गत मुद्दामा मलंगवा अदालतबाट म्याद थप गराएर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दिपेन्द्र पंजियारले जानकारी दिए ।

**नेपाल सरकार**
**श्रम तथा रोजगार मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**(अनुसन्धान तथा मुद्दा शाखा) ताहाचाल, काठमाडौं, नेपालको**

## ३५ दिने सूचना

वैदेशिक रोजगार व्यवसाय गर्ने **Adventure Human Resource Pvt. Ltd.** ईजाजत नं. ७४५/०६४/०६५ का विरुद्ध वैदेशिक रोजगार विभागमा दर्ता भई फरफारक हुन बाँकी रहेका तपशिल बमोजिमका उजुरीकताएहरुले आफुसँग भएको सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा वैदेशिक रोजगार विभाग ताहाचाल काठमाडौंमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

| S. N. | Complaint Id | Victim(S) Name | Amount Claimed | Complaint Date | Recruiting Agency | Country | District | Complaint | Status | Response Day |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 1134 | Laxman Rawal, Kanna Bahadur Shahi | Rs. 150000 | 1/9/2018 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | दोषीलाई कारवाही गरी रकम र क्षतिपूर्ति | On Progress | 0 |
| 2. | 1143 | Janak Rawal, Tanka Budha | Rs. 150000 | 1/10/2018 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | दोषीलाई कारवाही गरी रकम र राहदानी फिर्ता | On Progress | 7 |
| 3. | 3102 | Ram Aashis Batar | Rs. 136800 | 1/21/20196 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | रकर्मा र क्षतिपुर्ति | On Progress | 7 |
| 4. | 5390 | Buddha Bahadur Waiba | 0 | 1/9/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | खान बस्न नदिएको, औषधी उपचार, उद्धार | On Progress | 7 |
| 5 | 5583 | Dil Bahadur Nepali | 0 | 2/22/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | उद्धार गरी स्वदेश फिर्ता | On Progress | 7 |
| 6 | 5589 | Rajan Khadka | 0 | 12/3/2021 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | उद्धार गरी स्वदेश फिर्ता | On Progress | 7 |
| 7 | 5801 | | 0 | 6/15/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | Rescue | On Progress | 0 |
| 8 | 5862 | | 0 | 6/28/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | Rescue | On Progress | 0 |
| 9 | 6196 | Kumar Basnet | 0 | 7/27/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | उद्धार गरी स्वदेश फिर्ता | On Progress | 7 |
| 10 | 6328 | | 0 | 8/14/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | Rescue | On Progress | 0 |
| 11 | 6511 | Serap Lal Moktan | 115000 | 8/31/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | क्षतिपुर्ति भने बमोजिम सेवा सुबिधा नपाई स्वदेश फर्केको | On Progress | 7 |
| 12 | 6576 | Abhishek Kumar Yadav | 0 | 9/2/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | Rescue | On Progress | 0 |
| 13 | 6652 | Kumar Basnet | 179500 | 10/13/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | रकम फिर्ता | Compensated | 7 |
| 14 | 6738 | Subindra Thapa | 369000 | 11/27/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | क्षतिपुर्ति | Compensated | 7 |
| 15 | 7031 | Lal kumar Ghalan | 0 | 3/16/2023 | Adventure Human Resource Pvt. Ltd. | Malaysia | Kathmandu | उद्धार | On Progress | 0 |

**ग्रामथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तेतरिया, मोरङ, कोशी प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०४/१७**

उपरोक्त सम्बन्धमा यस ग्रामथान गाउँपालिकाको एम्बुलेन्स र ट्र्याक्टर सञ्चालनको लागि एक एक जना एम्बुलेन्स चालक र ट्र्याक्टर चालक करार सेवाबाट पदपुर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम ग्रामथान गाउँपालिकाको वेवसाईट https://www.gramthanmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| क्र.स. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०८०/८१ | एम्बुलेन्स चालक | श्रेणीविहन | १ (एक) |
| २. | २/२०८०/८१ | ट्र्याक्टर चालक | श्रेणीविहन | १ (एक) |

नोटः विस्तृत विवरण ग्रामथान गाउँपालिकाको वेवसाईट https://www.gramthanmun.gov.np मा हेर्न सकिनेछ ।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
**चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको ७ (सात) दिने सूचना**

**प्रकाशित मिति: २०८०/०४/१७**

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमको सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८०/०४/२३ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ ।

| क्र.स. | सवारीको नाम | बनेको साल | दर्ता. नं. | सवारी रहेको स्थान |
|---|---|---|---|---|
| १. | **TATA Tiago XT** | २०२१ | बा प्र-०१ ०२६ च ३३५५ (B AC 3127) | केन्द्रिय कार्यालय, नारायणहिटी पथ, काठमाडौं |

**शर्तहरु**
१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिन्छ ।
२. बोलपत्र साथ बोलपत्र दाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
३. बोलपत्रमा बोलपत्र दाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लगि बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।
६. प्रस्तावित बोलपत्र मिति २०८०/०४/२४ गते बैंकको नारायणहिटी पथ केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ । सो दिन बैंकमा बिदा परेमा त्यसको लगत्तै बैंकको कार्यालय खुलेको दिन उपरोक्त समयमा प्राप्त बोलपत्रहरु खोलिने छ ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ ।

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank



**कतारमा रोजगार** | कम्पनी : GULF ASIA CONTRACTING शहर: Doha

पूर्व स्वीकृत मितिः २०७९/१०/०४ चलानी नं.: ६०१९५२५२० L.T. No.:279688 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 7 | 0 | स. काममा दक्ष | 1000 | ३६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २४ गते (9 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np